शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार : बहुसांस्कृतिक, आवासीय समृद्ध सहर

# धरान उप-महानगरपालिका
# DHARAN SUB-METROPOLITAN CITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
### सामाजिक विकास महाशाखा

प.स. / letter No :२०८२/०८३
च.नं. / Ref No : ८२६४

धरान, सुनसरी
DHARAN, SUNSARI

कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal

मिति: २०८३/०३/१६

विषय: राष्ट्रिय वाणिज्य बैंकमा रहेको सामाजिक सुरक्षा निष्कृय खाता बन्द गर्नका लागि जानकारी गरिदिने सम्बन्धमा।

श्री वडा कार्यालयहरु (१-२० सबै),
धरान उपमहानगरपालिका, धरान।

प्रस्तुत विषयमा धरान उपमहानगरपालिका सामाजिक विकास महाशाखाको च.नं. ४२५६ मिति २०८२।१०।२१ गतेको १५ दिने जानकारी पत्र, च.नं. ४७७५ मिति २०८२।११।१३ गतेको ७ दिने जानकारी पत्र र च.नं. ४८३२ मिति २०८२।११।२५ गतेको ३ दिने जानकारी पत्र साथै २०८२ साल फाल्गुन २५ गतेको ब्लाष्ट टाइम्स दैनिकमा प्रकाशित सामाजिक सुरक्षा निष्कृय खाता बन्द गर्ने सम्बन्धी सूचना तहाँ वडा कार्यालयहरुलाई पठाईसकिएको व्यहोरा विदितै छ। यस सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८१/८२ को लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनको बुदा नं. ७०.५ मा राष्ट्रिय बाणिज्य बैंकमा रहेको २८१३ जना लाभग्राहीहरुको खाता खोलेको मितिबाट २०८० साल पौष १५ गते देखी हाल सम्म कुनै कारोवार नभएको खाता बन्द गरि सो खातामा रहेको रहेको रकम बैंकबाट फिर्ता गरी संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नु भनि उल्लेख भएको। यस सम्बन्धमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा ३ मा एक आर्थिक वर्षसम्म एउकपटक पनि रकम नझिकेको लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी आवश्यक छानविन गरी कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टाहुने मिति सम्मको रकम सम्बन्धित हकवलालाई भुक्तानी गरि सो मिति भन्दा पछिको रकम फिर्ता गरि संघीय संचित कोषमा दाखिला हुनुपर्ने कानूनी प्रावधान बमोजिम निष्कृय खाता बन्द गर्ने कार्यपालिकाको मिति २०८३।०२।२२ को निर्णय यसै साथ संलग्न गरिएको।

यसर्थ यसैसाथ संलग्न राष्ट्रिय वाणिज्य बैंकमा रहेको २०८० साल पौष १५ गते देखि हाल सम्म कुनै कारोवार नभएको निष्कृय खाता रहेका लाभग्राहीहरुको विवरणमा तहाँ वडाकार्यालयहरुले आफ्नो वडाकार्यालयको लाभग्राही रहेको वा नरहेको एकिन गरि रहेको भए तत्कालमा खाता संचालन गर्न लगाउने र नरहेएमा खाता बन्द गरी संघीय संचित कोषमा दाखिला गर्न पर्ने व्यहोराको पत्र यस पत्रको मितिले १५ दिनभित्र धरान उपमहानगरपालिकाको सामाजिक विकास महाशाखा इमेल ठेगाना social@dharan.gov.np मा सिफारिस गरिदिनुहुन अनुरोध छ।

२०८३।३।१९.६१

अनन्त राई
(अनन्त राई)
अधिकृत आठौं
सामाजिक विकास महाशाखा प्रमुख

**सादर अवगतार्थ**

श्री का.वा. नगर प्रमुख ज्यू,
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
श्री सूचना प्रविधि शाखा, सबै वडाहरुलाई जानकारी गराई दैनिक पत्रिकामा सूचना प्रकाशन गरि जानकारी गर्नुहुन। साथै वेवसाइट तथा पेजमा पनि upload गर्दै जानकारी गराइनुहुन

७०.५ **निस्कृय खाताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसार मृत्यु भएमा बसाई सरी गएमा एकल वा विधवा महिलाले विवाह गरेमा नवीकरण नगरेमा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम बैङ्क मार्फत वितरण नभएकाका निष्क्रिय खाता भएमा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नु पर्ने व्यवस्था छ । पालिकाको सामाजिक सुरक्षा शाखाबाट दिएको विवरण अनुसार नेपाल इन्भेष्टमेन्ट मेघा बैंकमा खाता रहेका ६७७ जना लाभग्राहीहरुको लगत कट्टा गरी सके पनि रु.४०५३१९४.९२ बाँकी रहेको र राष्ट्रिय बाणिज्य बैंकमा खाता रहेका २८१३ जना लाभग्राहीहरूको रु.२०६१०२६१। गरी जम्मा रु.२४६६३४५५।९२ रकम रकम निस्कृय (Dormant) खातामा अन्तिम कारोवार सन २०२३ देखि हालसम्म कुनै कारोवार नभएका खाता रहेको देखिएकोले बाँकी रकम यकिन गरी बैकबाट फिर्ता गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ७०.५.१ | नेपाल इन्भेष्टमेन्ट मेघा बैंकमा | ४,०५३,१९५ |
| ७०.५.२ | राष्ट्रिय बाणिज्य बैंक | २०,६१०,२६१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४६,६३,४५६ |

७१ **वडा कार्यालयहरु तर्फको व्यहोरा**

७१.१ **अन्य कार्यालयको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। वडा कार्यालयहरूले आफ्नो कार्य क्षेत्रभन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि निम्नानुसार खर्च गरेको कार्य मनासिब देखिएन। यस्तो प्रकृतिको खर्चले थप व्ययभारमात्र वढ्दै जाने हुँदा खर्च नियमसम्मत नदेखिएको रु.

* म.ले.प. प्रतिवेदन २०८१/०८२

## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी,नेपाल

### नगर कार्यपालिका बैठक, बैठक संख्या १६/०८२/०८३

आज मिति २०८३ साल जेष्ठ २२ गते, शुक्रबार दिनको २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक कार्यवाहक नगर प्रमुख श्री अइन्द्र विक्रम बेघाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री अइन्द्र विक्रम बेघा | कार्यवाहक नगर प्रमुख | धउमनपा | |
| २. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री राजेन्द्र राई | का.वा. वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| ९. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री मनिष विष्ट | का.वा वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री साविका परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २३. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २४. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २५. | श्री रविन गुरुङ | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २६. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २७. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २८. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २९. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-३ | |
| ३०. | श्री तीर्थराज राई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| क्रस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री गणेश प्रसाद खतिवडा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | श्री प्रेम बहादुर दाहाल | वडा नं-२ | | |
| ३ | मिलना थोटे | वडा सदस्य | धरान-३ | |

सञ्चालन गर्ने जग्गा सार्वजनिक जग्गा रहेकोले उक्त सार्वजनिक जग्गामा उल्लिखित योजना सम्पन्न गर्ने गरी भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

ञ. धरान-५ स्थित दशघरे समाजको अधुरो भवनमा प्लाष्टर, रंगरोगन, झ्यालमा ग्रिल, कम्पाउण्ड वाल लगायतका स्तरोन्नतिको कार्य गर्न रु. ४,९७,५९४।६५ को लागत अनुमान स्वीकृत गरी प्रकृया अगाडि बढाउने क्रममा उक्त भवन रहेको जग्गा सार्वजनिक जग्गा रहेकोले सोही सार्वजनिक जग्गामा रहेको उक्त अधुरो भवनमा माथि उल्लिखित कार्यहरु गर्न कार्यपालिका बैठकमा पेश गर्ने गरी प्रकृया अगाडि बढाउन मिति २०८३।०१।२३ को कार्यवाहक प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

ट. १८ नं. वडा कार्यालय भवन निर्माण शिर्षकमा रु. ३५,००,०००/- (अक्षरेपि पैंतिस लाख मात्र) र धरान-१८ जेष्ठ नागरिक विश्राम स्थल निर्माणका लागि प्रदेश सरकारबाट रु. ५,००,०००/-(अक्षरेपि पाच लाख मात्र) विनियोजन भएकोले धरान १८ देवीस्थान स्थित रहेको वडा कार्यालय छेउ देवीथानको जग्गामै उक्त वडा कार्यालयको विस्तारित भवन बनाउने र उक्त विस्तारित भवनको तल्लो तलामा जेष्ठ नागरिक विश्राम स्थल निर्माण गर्ने मिति २०८३।०२।०१ को १८ नं. वडा कार्यालयको सिफारिस बमोजिम उक्त देवीथानको जग्गामै १८ नं. वडाको वडा कार्यालयको विस्तारित भवन बनाउने र उक्त विस्तारित भवनको तल्लो तलामा जेष्ठ नागरिक विश्राम स्थल निर्माण गर्ने प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**८. संशोधित खरिद गुरुयोजना सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको १८ औं नगरसभाबाट कार्यक्रमहरु संशोधन भएको हुनाले आ.व. २०८२/८३ मा स्वीकृत भएको खरिद गुरुयोजनामा केही संशोधन गर्नु पर्ने देखिएको हुनाले स्वीकृत खरिद गुरुयोजना संशोधन गर्ने निर्णय गरियो। संशोधित खरिद गुरुयोजना प्रमाणित गरी पछाडि पानामा टाँस गरिएको छ।

**९. शवदाह मेसिन खरिद सम्बन्धमा।**

चालु आर्थिक वर्षमा कोशी प्रदेश सरकारबाट खर्चधारामा रहेको दाह संस्कार स्थलमा शव जलाउने मेसिन खरिदका लागि बजेट विनियोजन भएको र सो बजेट बाट खरिद प्रक्रिया अगाडि बढाउँन उद्योग विभागमा पत्रचार गर्दा उद्योग विभागबाट प्राप्त जानकारी अनुसार नेपालमा शवदाह मेसिन उत्पादन गर्ने उद्देश्य राखी कुनै पनि उद्योग दर्ता नभएको जानकारी प्राप्त भएको र राष्ट्रिय आविष्कार केन्द्रको मिति २०८२/१२/१७ गते पत्र मार्फत नेपालमा दाह संस्कार गर्ने प्रकृतिको मेशिन उक्त राष्ट्रिय आविष्कार केन्द्रबाट मात्र उत्पादन हुने भनि जानकारी प्राप्त भएकाले सार्वजनिक खरिद ऐन २०६३ दफा ४१ को (१) ख मा भएको व्यवस्था अनुसार उक्त आविष्कार केन्द्रसँग सोझै खरिद गर्ने निर्णय गरियो।

**१०. आ.व. २०८३/८४ को आन्तरिक आय संकलन ठेक्का सम्बन्धमा।**

यस कार्यालयले संकलन गर्ने तपसिल बमोजिमका कर तथा शुल्कहरु ठेक्का प्रकृयाबाट संकलन गर्दै आएको हुँदा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि देहाय बमोजिमको न्यूनतम् ठेक्का कबुल अंक निर्धारण गरी अनलाईन बोलपत्र आह्वान गरी ठेक्का लगाउने निर्णय गरियो।

क. सवारी पार्किङ शुल्क मू.अ.कर सहित रु. २५,००,०००/- (पच्चिस लाख रुपैयां मात्र)।

ख. जडीबुटी, कवाडी र जीवजन्तु कर मू.अ.कर सहित रु. ४०,००,०००/- (चालीस लाख रुपैया मात्र)

ग. पूर्वाधार (सडक) उपयोग सेवा शुल्क मू.अ.कर सहित रु. ७५,००,०००/-(पच्चहत्तर लाख रुपैया मात्र) (स्थान पछि निर्धारण गर्ने गरी)

**११. सामाजिक सुरक्षा अन्तर्गत डोरम्यान्ट खाता सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको आ.व. २०८१/८२ को म.ले.प. प्रतिवेदनको बुँदा नं. ७०.५ मा राष्ट्रिय वाणिज्य बैंकमा रहेको २८१३ जना लाभग्राहीहरुको सामाजिक सुरक्षा खाता मिति २०८०/०९/१५ गतेदेखि हालसम्म कारोबार नभएकाले सो खाता बन्द गरी उक्त खातामा रहेको रकम संघीय संचित कोषमा दाखिला गरी प्रमाण पेश गर्नु भनि उल्लेख भएको साथै सामाजिक सुरक्षा भत्ता कार्यविधि, २०७७ को दफा २६ को उपदफा ३ मा एक आर्थिक वर्षसम्म एक पटक पनि रकम नझिकेको लाभग्राहीको विवरण सम्बन्धमा छानविन गरी भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगतकट्टा गरी उक्त खातामा रहेको रकम संघीय संचित कोषमा दाखिला हुनु पर्ने प्रावधान रहेको यसै सन्दर्भमा सामाजिक विकास महाशाखाबाट उक्त २८१३ जना लाभग्राहीहरुको विवरण यकिन भई लाभग्राही जिवित रहेमा खाता नविकरण हुन वा लगत कट्टा गर्न भनि २०८२/१०/२१ गते १५ दिनको, २०८२/११/१३ गते ७ दिनको, २०८२/११/२५ गते ३ दिनको साथै २०८२/१२/०९ गते ७ दिनको म्याद राखी सबै वडा कार्यालयहरुलाई पत्रचार